# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

### प्रेस विज्ञप्ती

**केन्द्रीकृत बिद्युतीय ग्राहक पहिचान विवरण (केवाईसी) सेवा सम्बन्धी कार्य संचालन निर्देशिका,२०७७ स्वीकृत गरिएको सम्बन्धमा ।**

लगानीकर्ताहरुलाई धितोपत्र वजार मार्फत प्राप्त हुने सेवा सुविधा तथा सोसंग सम्बन्धित प्रक्रियामा समसामयिक सुधार गरी थप सहज एवं छरितो वनाउन आवश्यक रहेको सन्दर्भमा लगानीकर्ताहरुले घरैबाट केवाइसी प्रतिनिधिको अधिकार प्राप्त व्यक्ति वा कर्मचारी मार्फत वा केवाईसी दर्ता प्रतिनिधिकोमा आफै व्यक्तिगत पहिचान सहितको केवाईसी विवरण भर्न सक्ने र त्यस्तो प्रणाली भित्र रहेको केवाईसी विवरण धितोपत्र बजार भित्र सबै निकायले प्रयोग गर्न सक्ने गरी व्यवस्था गर्न साथै विद्यमान कोभिड-१९ को महामारीमा धितोपत्र व्यवसायीकोमा ग्राहकले आफूले भर्नु पर्ने ग्राहक पहिचान विवरणलाई सहज र सरल बनाउन तथा डिजिटलाईजेसन गर्न आवश्यक रहेको परिप्रेक्ष्यमा बोर्डले सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट बोर्डमा पेश भएको केन्द्रीकृत बिद्युतीय ग्राहक पहिचान विवरण (केवाईसी) सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७७ स्वीकृत गरी कार्यान्वयनको लागि आजै सिडिएस एण्ड क्लियरिङ्ग लि. मा पठाइएको छ । उक्त निर्देशिकामा मूख्यत: देहाय अनुसारका व्यवस्थाहरु रहेका छन ।

**मुख्य व्यवस्थाहरु:**

१. ग्राहकको विद्युतीय केवाईसी दर्ता प्रतिनिधि सम्वन्धी व्यवस्था,
२. विद्युतीय केवाईसी प्रणालीको विकास सम्वन्धी व्यवस्था,
३. ग्राहकले धितोपत्र कारोवार वा सो सम्वन्धी सेवा लिन विद्युतीय केवाईसी दर्ता गर्नु पर्ने सम्वन्धी व्यवस्था,
४. केवाईसी विवरण प्रयोग सम्वन्धी व्यवस्था,
५. केवाईसी विवरणलाई परिष्कृत गरी लागु गरिने सम्वन्धी व्यवस्था,
६. ग्राहकको केवाईसी विवरणको गोपनियता तथा सुरक्षा सम्वन्धी व्यवस्था,
७. केवाईसी विवरणको दुरुपयोग गरेमा कानुनी कारवाही सम्वन्धी व्यवस्था ।

यसरी केन्द्रीकृत बिद्युतीय ग्राहक पहिचान विवरण (केवाईसी) सेवा सम्वन्धी कार्य संचालन निर्देशिका, २०७७ कार्यान्वयनमा आए पश्चात धितोपत्र वजारमार्फत सेवा लिन चाहने लगानीकर्ताले एकै खालको विवरण धेरै ठाउँमा पेश गर्नु पर्ने झण्झटिलो व्यवस्थामा सुधार आई लगानीकर्तालाई धितोपत्र कारोवार प्रक्रियामा थप सहज एवं सरल हुने तथा समग्र धितोपत्र वजार प्रविधिमैत्री हुँदै गई बजार विकासमा समेत थप टेवा पुग्ने बोर्डको अपेक्षा रहेको छ ।

मिति: २०७७०७०५

(निरञ्जय घिमिरे)
निर्देशक